मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : १५० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ बैशाख ६ गते आइतबार (Sunday, 19 April. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विभिन्न देश पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, बैशाख ५।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३२ बस्ने दोलखा घर भएका २४ वर्षीय आङ मिङमार शेर्पा, काठमाडौं गोकर्णेश्वर नगरपालिका-५ बस्ने काभ्रे घर भएकी ४२ वर्षीया सुनिता सिङ्तान (लामा) र काठमाडौं महानगरपालिका-४ बस्ने सिन्धुली घर भएकी

(बाँकी अन्तिम पृष्ठमा)

# एकद्वार सेवा प्रणाली लागू गर्न गृहको निर्देशन

**काठमाडौँ, वैशाख ५।** गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित नौ बुँदे निर्देशन जारी गरेको छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले दिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि त्यस्तो निर्देशन गरेको हो।

मन्त्रालयले जारी गरेको परिपत्रमा चालू आवमै विद्यमान बजेटबाट नै एकद्वार सेवा प्रणाली लागू गर्न आवश्यक प्रबन्ध गर्दै आगामी आवका लागि सुधार कार्य गर्न आवश्यक न्यूनतम् बजेट माग गर्न पनि भनिएको छ।

प्रमुख जिल्ला अधिकारीलाई नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रचलित कानून बमोजिम जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्दै जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता, सुशासन सुदृढीकरण तथा विकास व्यवस्थापनमा सहजीकरणजस्ता महत्वपूर्ण प्रशासकीय भूमिका निर्वाह गर्नुपर्ने भूमिका समेत गृहमन्त्रालयले स्मरण गराइएको छ।

उक्त निर्देशनमा गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेको दिन मन्त्रालय र अन्तर्गतका निकाय मूलतः जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरू एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट गतचैत १३ गते स्वीकृत शासकीय सुधारका एक सय कार्यसूचीमा सार्वजनिक सेवा प्रवाहमा नागरिकको विश्वास जित्ने गरी गुणात्मक सुधार, सुशासन सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण समेतका विषयलाई केन्द्र विन्दुमा राखेर कार्यसम्पादन गर्नुपर्नेलगायत विषय उल्लेख रहेको छ।

मन्त्रालयको सचिवस्तरीय निर्णय अनुसार गरिएको निर्देशनमा भनिएको छ- जिल्ला प्रशासन कार्यालयबाट प्रवाह




भइरहेका सेवाहरूलाई सुधार गरी जनताको अपेक्षाअनुरूप सहज र सेवाग्राहीमैत्री बनाउने सिलसिलामा हाल कतिपय जिल्लामा कार्यान्वयनमा ल्याइएका सृजनात्मक तथा नवप्रवर्द्धनात्मक उपायहरू जस्तै टोकन प्रणाली, नागरिक सुनुवाइ प्रणाली, नयाँ नागरिकताको अनलाइन सिफारिस, निःशुल्क सहायता कक्षलगायतका सुधारलाई थप व्यापक र संस्थागत गर्दै गृहमन्त्रीको निर्देशन र एकसय कार्यसूचीको मूल भावना अनुरूप सुधारका कार्यलाई तत्काल अगाडि बढाउने सिलसिलामा 'एकद्वार सेवा प्रणाली' यथाशीघ्र लागू गर्न आवश्यक छ।

**यस्ता छन् नौ बुँदे निर्देशन एकद्वार सेवा प्रणाली व्यवस्थापन गर्ने क्षेत्रहरू**

नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, राहदानी, राष्ट्रिय परिचय-पत्र र नाबालक परिचय-पत्र सम्बन्धी सेवाका लागि उपयुक्त सेवाकक्ष तयार गरी सेवाग्राही मैत्री बनाउन भनिएको छ।

त्यस्तै, सेवाको कार्य प्रारम्भ गर्नेदेखि स्वीकृत गर्ने तहसम्मका सबै कर्मचारीले सकेसम्म एकैकक्षबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ।

मन्त्रालयले निर्देशनमा संघ-संस्था दर्ता तथा नवीकरण, हातहतियार नवीकरण तथा कागजात प्रमाणीकरणका कार्य कार्यबोझ र कर्मचारीको उपलब्धताका आधारमा उपयुक्त सेवा कक्षको प्रबन्ध गर्न, सेवाग्राहीलाई यथासम्भव प्रतिक्षा/विश्राम कक्षमा बस्ने व्यवस्था गरी पारदर्शी तवरले सेवा प्रवाह गर्न भनेको छ।

त्यस्तै, जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सम्भव भएसम्म अनलाइन प्रणालीमार्फत नै सेवा प्राप्त गर्नसक्ने सम्बन्धमा ध्यान दिइ सुधारका काम कारवाही अगाडि बढाउन भनिएको छ।

**टोकन प्रणाली र सहायता कक्षसम्बन्धी**

सेवाग्राहीको चाप एवम् आवश्यकताका आधारमा टोकन प्रणाली लागू गर्न एवम् कार्यालय प्रवेश गर्नेबित्तिकै सहज पहुँच हुने स्थानमा कर्मचारी र कम्प्युटरसहितको सहायता कक्ष राख्न निर्देशन दिइएको छ। सहायता कक्षमा जिल्ला प्रशासन कार्यालयको सेवासम्बन्धी विषयवस्तु बुझेको कर्मचारीलाई मात्र राख्ने र हेल्प डेस्क बिहान ९:०० बजे अनिवार्य रूपमा खोल्ने व्यवस्था मिलाउन भनिएको छ।

सेवाग्राहीलाई निवेदन लेख्न/विवरण भर्न सहजीकरण गर्ने व्यवस्था मिलाउन, सहायता कक्षमा कागजातको प्रारम्भिक परीक्षण गरेर टोकन दिने र कागजात नपुगेको सेवाग्राहीलाई के-के पुगेन स्पष्ट गरी टिपोट दिनका लागि पनि सहायता कक्ष आवश्यकता औँल्याइएको छ।

त्यसैगरी कार्यकक्षमा सेवाग्राहीको चाप अनुसार फ्रन्ट डेस्कका कर्मचारीले सेवाग्राहीलाई कार्यकक्षमा नै पठाउने

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेस झापाको 'जरा अभियान' शुरु



**झापा, बैशाख ५।** नेपाली कांग्रेसले क्रियाशिल सदस्यको अद्यावधिक गर्दै राष्ट्र-राष्ट्रियता, लोकतन्त्र, संघीयता सबल बनाउने उद्देश्यले सञ्चालन गर्न लागेको जरा अभियान झापामा पनि शुरु भएको छ।

अभियानका लागि केन्द्रिय प्रतिनिधिद्वय बसन्त भट्टराई र रुद्रबहादुर कन्दङ्वाको उपस्थितिमा बृहत् बैठक सम्पन्न गर्दै अभियान शुरु गरिएको हो। जरा अभियानमा झापाका लागि केन्द्रीय प्रतिनिधि एवम् वृहत् बैठकका प्रमुख अतिथि बसन्त भट्टराईले क्रियाशील सदस्यता बितरणमा देखिएका अनियमितता नियन्त्रण गरेर पार्टीको नीति, विचार, सिद्धान्त, कार्यक्रमलाई पालना गर्दै अनुशासन पालना गर्ने वास्तविक क्रियाशिल सदस्य अध्यावधिक गर्न अभियान थालिएको बताए।

विशेष महाधिवेशनको बन्द सत्रले समेत यो विषय पारित गरेको जानकारी दिँदै उनले कांग्रेसलाई नयाँ र प्रविधियुक्त बनाउने अभियानमा सहभागी हुन सबै क्रियाशिल सदस्यलाई आह्वान गरे। पुरानाको मान मर्दन गर्ने गलत हल्ला फिजाइएको बताउदै नेता भट्टराइले पार्टीभित्र कसैलाई काखा, पाखा नगरिने, योगदानको मूल्यांकन हुनेमा ढुक्क हुन सबै तहका नेता कार्यकर्तामा आग्रह समेत गरे।

जरा अभियानका लागि केन्द्रीय प्रतिनिधि एवम् कार्यक्रमका विशेष अतिथि रुद्रबहादुर कन्दङ्वाले गगन थापा नेतृत्वको कांग्रेसले कानूनी रुपमा बैधता प्राप्त गरेसँगै कांग्रेसभित्रको विवाद समाप्त भएको बताउँदै पार्टी, राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, संघीयतालाई बलियो बनाउने अभिप्रायले जरा अभियान शुरु गरिएको बताए। क्रियाशिल सदस्यता खारेज नभई अद्यावधिक र व्यवस्थित एवम् डिजिटलाइजेशन गर्न लागिएको उनको भनाइ छ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले अभियान सफल बनाउन क्षेत्र, प्रदेशसभा क्षेत्र, गाउँ/नगर र वडा समितिलाई सक्रिय हुन आह्वान गर्दै समयसीमाभित्रै क्रियाशिल सदस्यता अद्यावधिक गरिसक्ने बताए। पार्टीका उपसभापति एवम् नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं. १मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार केशवराज पाण्डेले दूराग्रह, पूर्वाग्रह, त्यागेर आलोचनाभन्दा माथि उठेर पार्टीलाई एकजुट गराउन आवश्यक रहेको बताए।

कार्यक्रममा झापा क्षेत्र नं-३ मा नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार राजेन्द्र घिमिरे, ५ का उम्मेदवार मन्धरा चिमरिया पौडेल, पूर्वप्रवक्ता लोकराज ढकाल, गीता ओडारी खरेल, वीरु दर्नाल, पुष्पराज पौडेल, हेमराज खरेल, तुलाराम अधिकारी, शिव कँडेल, पर्शुराम ढुङ्गाना, नारायण पौडेल लगायतले आफ्ना धारणा राखेका थिए।

कार्यक्रममा सहभागी बक्ताहरुले प्रत्येक पालिकास्तरमा निष्पक्ष छानविन समिति गठन गरी जेन-जी आन्दोलनमा भएको क्षति र आक्रमणकारीको

(बाँकी अन्तिम पृष्ठमा)

## लागूऔषधका कारोबारी पक्राउ

**झापा, बैशाख ५।** प्रहरीले लागूऔषधको कारोबार गरिरहेको अबस्थामा शिवसताक्षीबाट एकजनालाई पक्राउ गरेको छ।

शिवसताक्षी-७ चन्द्रडाँगी बस्ने ३२ वर्षीय गंगाबहादुर मगरलाई आफ्नै घरमा लागूऔषध सेवन तथा बिक्री गरिरहेको अबस्थामा प्रहरीले पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी टोली खटिएर घर खानतलासी गर्दा मगरको सुत्ने कोठाभित्र बिक्रीको लागि प्लाष्टिकमा पोको पार्दै गरेको अबस्थामा १३ ग्राम ३२० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो। उनलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

उता धरान उपमहानगरपालिका-१३स्थित कोशी लोकमार्गबाट प्रहरीले ५९ किलो प्रतिबन्धित लागूऔषध गाँजासहित तीन जना भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय धरान र अस्थायी प्रहरी चौकी अमरहाटबाट खटिएको संयुक्त प्रहरी टोलीले भैँडेटारबाट धरानतर्फ आउँदै गरेको बिआर १० पीबी २२४१ नम्बरको

(बाँकी अन्तिम पृष्ठमा)

## विराटनगरबाट ६ जना विदेशी नागरिक पक्राउ

**विराटनगर, वैशाख ५।** विराटनगरस्थित एक होटलबाट प्रहरीले शनिबार ६ जना विदेशी नागरिकलाई नियन्त्रणमा लिएको छ। पर्यटक भिसामा नेपाल प्रवेश गरी गैरकानूनी रूपमा व्यवसायिक प्रशिक्षण सञ्चालन गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक (एसपी) कवित कटुवालका अनुसार होटलको सभा हलमा 'लाफिङ बुद्ध' सम्बन्धी कार्यक्रम सञ्चालन भइरहेको सूचनाका आधारमा प्रहरी टोली पुगेको थियो। सो क्रममा सिंगापुरका नागरिक को वी हक र लोह ली पेङसहित ६ जना विदेशी नागरिकलाई नियन्त्रणमा लिइएको हो।

प्रहरीका अनुसार उनीहरूले 'लाफिङ बुद्ध' सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेका थिए। उक्त कार्यक्रममा नेपाली सहयोगी निरा राजभण्डारीसहित १६ वर्ष मुनिका १२ जना किशोरी गरी करिब ३० जना सहभागी रहेको पाइएको छ।

पर्यटक भिसामा नेपाल आउने विदेशी नागरिकलाई कुनै पनि प्रकारको व्यवसाय, शिक्षण वा प्रशिक्षण सञ्चालन गर्न अनुमति नहुने व्यवस्था छ। तर, पक्राउ परेकाहरूले भिसाको उद्देश्य विपरीत गतिविधि गरेको प्रारम्भिक अनुसन्धानबाट

(बाँकी अन्तिम पृष्ठमा)

## मरेको ब्रोइलर कुखुराको मासु खाँदा मृत्यु

**झापा, वैशाख ५।** कैलालीमा मरेको ब्रोइलर कुखुराको मासु सेवन गर्दा एकै परिवारका दुई बालकको ज्यान गएको छ भने आमा-छोरा बिरामी परेका छन्।

जिल्लाको चुरे गाउँपालिका-३ भक्तपुरका ५ वर्षीय दीपक ताम्राकार र ८ वर्षीय भीम ताम्राकारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ। वैशाख ३ गते मरेको कुखुराको मासु खाएपछि उनीहरू बिरामी परेका थिए। प्रहरीका अनुसार दुवै बालकको प्रादेशिक अस्पताल धनगढीमा उपचारका क्रममा मृत्यु भएको हो।

सोही घटनामा २८ वर्षीया आमा राधिका ताम्राकार र उनका ३ वर्षीय छोरा दीपेश ताम्राकार पनि बिरामी भएका छन्। उनीहरूको उपचार जारी रहेको छ।

घटना बिहीबार भए पनि शुक्रबार मात्र प्रहरीलाई जानकारी दिइएको थियो। त्यसपछि प्रहरीको समन्वयमा चारै जनालाई उपचारका लागि धनगढी लगिएको थियो।

प्रारम्भिक अनुसन्धानबाट उनीहरूले स्थानीय पोल्ट्री फार्मबाट मरेको कुखुरा ल्याएर सेवन गरेको खुलेको छ। फार्म सञ्चालकले इलाका प्रहरी कार्यालय मालाखेतीमा उपस्थित भई बयान दिएका छन्। उनलाई आवश्यक पर्दा उपस्थित हुने शर्तमा आफन्तको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

## सीमा हेरफेर गर्न मन्त्रालयले माग्यो सुझाव

**झापा, वैशाख ५।** गाउँपालिका, नगरपालिका तथा वडाको संख्या तथा सीमा हेरफेरबारे संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राय तथा सुझाव मागेको छ।

मन्त्रालयले वैशाख ३ गते सबै जिल्ला समन्वय समिति, स्थानीय तह तथा सबै सरोकारवाला निकायलाई पत्राचार गर्दै सुझाव माग गरेको हो। त्यस्तै मन्त्रालयले जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघलाई बोधार्थ दिँदै सहजीकरणको लागि आग्रह गरेको छ।

मन्त्रालयका अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३, ५, ६, ७ र ८को व्यवस्था बमोजिम गाउँपालिका तथा नगरपालिका, वडाको संख्या तथा सीमाना हेरफेर, गाउँपालिका र नगरपालिका एकापसमा गाभिने र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्न प्रारम्भिक मस्यौदा तयार भएको छ। सो सम्बन्धमा कुनै राय सुझाव भए मन्त्रालयको इमेल ठेगानामा तीन दिनभित्र उपलब्ध गराइदिन मन्त्रालयले आग्रह गरेको हो।

## सामाजिक सञ्जालमार्फत औषधि सिफारिस नगर्न निर्देशन

**काठमाडौँ, वैशाख ५।** नेपाल मेडिकल काउन्सिलले चिकित्सकलाई सामाजिक सञ्जालमार्फत परीक्षण विना औषधि सिफारिस नगर्न निर्देशन दिएको छ।

काउन्सिलका रजिष्ट्रार डा. सतिसकुमार देवले टिकटक, इन्स्टाग्राम तथा फेसबुक जस्ता सामाजिक सञ्जालमार्फत परीक्षण बिना औषधि सिफारिस गर्ने कार्य तुरुन्त बन्द गर्न निर्देशन दिएका हुन्।

काउन्सिलले चिकित्सकलाई 'अनलाइन परामर्श'का नाममा सामाजिक सञ्जालबाट स्वास्थ्यसम्बन्धी श्रव्यदृश्य सामग्री प्रशारण नगर्न आग्रह गरेको छ। काउन्सिलका रजिष्ट्रार डा. देवले चिकित्सकहरूले बिरामीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री सार्वजनिक गर्ने, विभिन्न उपचारका लागि औषधि प्रयोग गर्न सुझाव दिने, औषधि सिफारिस गर्ने जस्ता कार्य सामाजिक सञ्जालबाट नगर्न आग्रह गरेका हुन्।

सामाजिक सञ्जालमा चिकित्सकको गैरजिम्मेवार र अवैज्ञानिक सूचना तथा सल्लाहले

(बाँकी अन्तिम पृष्ठमा)

# जातीय विभेदबिरुद्ध एकजुट झापाका दल

**झापा, वैशाख ५।** जातीय छुवाछूत तथा विभेद गर्ने व्यक्तिलाई कानूनी कारबाहीको दायरामा ल्याउन सहयोग गर्ने झापाका प्रमुख राजनीतिक दलहरूले संयुक्त रूपमा प्रतिबद्धता जनाएका छन्।

मानव अधिकार मञ्च इलामले बिर्तामोडमा सञ्चालन गरेको कार्यशालामा सहभागी दलका प्रतिनिधिहरूले विगतमा दलहरूबाटै पीडक संरक्षण हुने गरेको आरोपलाई स्वीकार गर्दै अब त्यस्तो प्रवृत्ति अन्त्य गर्ने बताएका हुन्।

कार्यक्रममा नेकपा एमाले झापाका अध्यक्ष प्रेम गिरीले विगतका कमजोरी सच्याउँदै अब कुनै पनि हालतमा विभेद गर्ने व्यक्तिको संरक्षण नगर्ने स्पष्ट पारेका थिए। उनले दोषीलाई कानूनी कारबाहीसम्म पुऱ्याउन दलहरूको तर्फबाट सहकार्य हुने बताए।



मानव अधिकार मञ्चले 'स्थानीयस्तरमा नीति सचेतनामार्फत जातीय भेदभावबिरुद्ध सामुहिक कार्यक्रम' अन्तर्गत विभिन्न सरोकारवालासँग चरणबद्ध छलफल गरिरहेको छ। पहिलो दिन दलित अगुवासँग छलफल गरिएकोमा दोस्रो दिन राजनीतिक दल, मानवअधिकारकर्मी, पत्रकार, कानून व्यवसायी तथा धार्मिक अगुवासँग अन्तरक्रिया गरिएको हो।

आइतबार जनप्रतिनिधिसँग छलफल गर्ने तयारी रहेको आयोजकले जनाएको छ। छलफलमा सहभागी अधिकांश दलका प्रतिनिधिहरूले जातीय विभेद अन्त्यका लागि आफ्ना पार्टीभित्र सचेतना अभिवृद्धि गर्ने र व्यवहारमै परिवर्तन ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रममा नेकपा एमालेका अध्यक्ष गिरी, नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँई, नेकपाका वीपी भट्टराई, राप्रपाका केशव ओझा र रास्वपाका अर्जुन उप्रेतीलगायतले विभेद अन्त्यका लागि प्रभावकारी भूमिका खेल्ने बताए।

कार्यक्रममा दलित समुदायले भोग्दै आएको विभेद र विद्यमान कानूनी व्यवस्थाबारे पनि गहन छलफल भएको थियो। झापा बारका अध्यक्ष बसन्त नेपालले कानूनको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक र धार्मिक अन्तरघुलनबाट विभेद न्यूनीकरण गर्न सकिने धारणा राखे।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले औपचारिक प्रतिबद्धताभन्दा व्यवहारमा कार्यान्वयन हुने कार्यक्रम आवश्यक रहेको उल्लेख

(बाँकी अन्तिम पृष्ठमा)

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

**ओम साई पाथीभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप**

# आर्मी बिजयी

**भद्रपुर, बैशाख ५।** भद्रपुरमा शनिबारदेखि शुरु भएको नेपालकै सर्वाधिक राशिको प्रथम 'ओम साई पाथीभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप' फुटबल प्रतियोगिताको उद्घाटन खेलबाट त्रिभुवन आर्मी फुटबल क्लब सेमीफाइनलमा प्रवेश गरेको छ ।

एकपक्षीय खेलमा आर्मीले पोखराको आरएस फुटबल क्लबलाई ६-० गोल अन्तरले पराजित गरेको हो । खेलको ११ औं मिनेटदेखि नै आर्मीले गोलको शुरुवात गरेको थियो । आर्मीका लागि दीपा शाहीले पहिलो गोल गरिन् । २६ औं मिनेटमा आर्मीले अग्रता दोब्बर बनायो । बिमला चौधरीले एकल प्रयासमा डिबक्सबाहिरबाट गरेको चिप प्रहार गोलमा परिणत भएको थियो । २८औं मिनेटमा अर्को गोल थप्दै चौधरीले टिमका लागि जित सुनिश्चित गरिन् । खेलको ३५औं मिनेटमा चन्द्रा भण्डारीले आर्मीका लागि चौथो गोल गरिन् ।

पहिलो हाफ ४-० को अग्रता बनाएको आर्मीले दोस्रो हाफमा २ गोल थप्यो । ५० औं मिनेटमा बिमला चौधरीले गरेको प्रहार गोल किपरले नियन्त्रणमा लिन नसकेपछि आर्मीकी स्ट्राइकर जेनिफर राना मगरले टिमको लागि पाँचौं गोल गरिन् । ६२औं मिनेटमा चन्द्रा भण्डारीले डिबक्स बाहिरबाट दायाँ बार च्यापेर गरेको प्रहार गोलमा परिणत हुँदा खेलमा खासै लय बनाउन नसकेको पोखरा घर फर्किएको थियो ।

खेलको प्लेयर अफ द म्याच बिजेता टिम आर्मीका बिमला चौधरी भइन् । उनले नगद ११ हजार रुपैयाँ पुरस्कार पाइन् । आज आइतबार भुटानको थिम्पु सिटी फुटबल क्लब र चर्च ब्वाइज युनाइटेडबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, आरएस पोखरा फुटबल क्लब, भुटानको थिम्पु सिटी क्लब, चर्च ब्वाइज युनाइटेड, नेपाल पुलिस क्लब, आयोजक चन्द्रगढी युवा क्लब, भारतको रानी लक्ष्मीबाई स्पोर्टस



एकेडेमी, सशस्त्र प्रहरीको एपिएफ क्लब, संकटा फुटबल क्लब र ओखलढुंगाको पद्मा स्पोर्टस् क्लबको सहभागिता रहेको छ ।

प्रतियोगिताको बिजेताले नगद ११ लाख रुपैयाँ र ट्रफी पाउनेछ । त्यस्तै, उपबिजेताले पाँच लाख रुपैयाँ पाउनेछ । यो पुरस्कार राशि महिला फुटबलमा नेपालकै सर्वाधिक हो । प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद ११ हजार रुपैयाँ पाउनेछ ।

त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद एक लाख रुपैयाँ प्रदान गरिनेछ । उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकले जनही नगद २५ हजार रुपैयाँ पाउनेछन् । यसअघि भएको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि भद्रपुर नगरप्रमुख गणेश पोखरेल, मुख्य प्रायोजक ओम साई पाथीभरा हस्पिटलका अध्यक्ष दीपककुमार पोखरेलले शुभकामना व्यक्त गरेका थिए । क्लबका सदस्य तथा राष्ट्रिय फुटबल खेलाडी रेजिन सुब्बाले स्वागत गरेको कार्यक्रमको अध्यक्षता क्लबका अध्यक्ष रोहित सुब्बाले गरेका थिए भने कार्यक्रमको सञ्चालन विवेक चम्लागाँईंले गरेका थिए ।

## गैंडाको खागसहित पक्राउ परेपछि...

**सुनसरी, बैशाख ५।** बर्जू गाउँपालिका-४बाट गैंडाको खागसहित पक्राउ परेका चार जनामाथि अनुसन्धान शुरु गरिएको छ ।

पक्राउ पर्नेमा बर्जू-६का ३९ वर्षीय राजेशकुमार उराँव, ३१ वर्षीय जीवन चौधरी, बर्जू-५का ३३ वर्षीय रवीनकुमार यादव र मोरङ पथरीशनिश्चरे नगरपालिका-१का ४० वर्षीय नारायणप्रसाद घिमिरे रहेको डिभिजन वन कार्यालय सुनसरीले जनाएको छ ।

बर्जू ताल नजिकै खागको तौल लिँदै गर्दा सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह वाहिनी पकलीबाट खटिएको टोलीले उनीहरुलाई पक्राउ गरेको थियो । अभियुक्त र खाग डिभिजन वन कार्यालय सुनसरीलाई बुझाएसँगै अनुसन्धान शुरु गरिएको डिभिजन वन कार्यालय इनरुवाका डिभिजनल वन अधिकृत रितेशभूषण बस्नेतले जानकारी दिए । अनुसन्धानका लागि कार्यालयका वैजुकुमार साहलाई अनुसन्धान अधिकृत तोकिएको छ । गैंडाको खागजस्तो ल्याइएको वस्तु परीक्षणका लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार काठमाडौं पठाइएको छ ।

परीक्षण रिपोर्टको आधारमा कानूनी प्रक्रिया अगाडि बढ्ने उनले बताए । सञ्जाल ठूलो भएको उनको बुझाइ छ । खाग पछाडि एउटा ठूलो समूहको सञ्जाल भएको प्रारम्भिक अनुसन्धानका क्रममा खुलेको डिभिजनल वन अधिकृत बस्नेतले बताए । कहाँबाट ल्याइएको हो र कता लैजान खोजिएको भन्ने विषयमा यकिन हुन बाँकी रहेको छ । पक्राउ परेकाबिरुद्ध राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ अन्तर्गत अनुसन्धान अघि बढाइने डिभिजन वन कार्यालय प्रमुख शिवनारायण मण्डलले बताए ।

## १५५ जना महिलाको निःशुल्क स्वास्थ्य परीक्षण



**झापा, बैशाख ५।** साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-१को आयोजनामा महिलाहरुको पाठेघरको मुखको क्यान्सर तथा भीआईए टेस्ट सम्बन्धी एकदिने निःशुल्क स्वास्थ्य शिविर शनिवार सम्पन्न भएको छ ।

बिर्तामोड-१स्थित रत्न सावित्री उत्सव बस्नेत प्रतिष्ठानमा आयोजित शिविरमा १५५ जना महिलाहरुको भिआईए टेस्ट गरिएको थियो । त्यसमध्ये चार जनामा पोजिटीभ पाइएको साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष देविका निरौला बस्नेतले बताइन् ।

उनीहरुलाई उपचारका लागि बिर्तासिटी अस्पताल बोलाइएको अध्यक्ष बस्नेतले जानकारी दिइन् । बिर्तासिटी अस्पताल र विमुक्ति फाउण्डेशन बिर्तामोडको सहयोग रहेको सो शिविरमा बिर्तासिटी अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. अजय अग्रवाल, मेडिकल अफिसर डा. प्रिया मिश्रा, नेपाल परिवार नियोजन संघकी भिआईए टेस्ट विशेषज्ञ डा. प्रमिला गौतमको टोलीले स्वास्थ्य जाँच गरेको थियो ।

बिर्तामोड-१का वडाध्यक्ष अग्निप्रसाद पाण्डेको प्रमुख आतिथ्य एवम् संस्थाकी अध्यक्ष बस्नेतको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा बिर्तासिटी अस्पतालका को-फाउण्डर डा. रेशबहादुर बस्नेत, डा. रोमी बुढाथोकी बस्नेत लगायतको उपस्थिति रहेको थियो ।

साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत यस किसिमका विभिन्न सेवामूलक सामाजिक कार्यहरु गर्दै आएको छ ।

## 'पाँच पाण्डव' तिहारमा

सन्त निरौलाको निर्देशनमा बनिरहेको फिल्म 'पाँच पाण्डव' तिहारमा प्रदर्शन हुने भएको छ ।

निर्माताले आरआर फिल्म्ससँग वितरणसम्बन्धी सम्झौता गर्दै तिहारमा फिल्म रिलिज गर्ने निर्णय गरेका हुन् । यद्यपि, फिल्मको मिति भने सार्वजनिक गरिएको छैन । तर, वितरक र निर्माताबीच लक्ष्मीपूजाको दिन फिल्मलाई प्रदर्शन गर्ने सहमति भएको जनाइएको छ ।

फिल्मको वितरण अधिकार लिएपछि आरआर फिल्म्सका प्रमुख रोहित कट्टेलले भने- 'हामीले फिल्मको कन्टेन्ट र कलाकारको लाइनअप हेरेर वितरणको जिम्मा लिएका हौं । तिहारजस्तो ठूलो चाडमा दर्शकले खोज्ने भनेकै पूर्ण मनोरञ्जन हो, जुन यो फिल्मले दिनेछ ।

नवीन श्रेष्ठ प्रस्तुतकर्ता तथा काली रानी श्रेष्ठ निर्माता रहेको यस फिल्ममा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, दीपाश्री निरौला, रजनी गुरुङ, सुशील सिटौला, प्रशान्त ताम्राकार, इभा गिरी लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । सुशील पौडेलको कथा, पटकथा तथा संवाद लेखन रहेको फिल्मलाई श्याम तामाङले छायांकन गरिरहेका छन् ।

निर्देशक निरौलाले फिल्मको शीर्षक 'पाँच पाण्डव' भए पनि यो कुनै धार्मिक वा पौराणिक कथामा आधारित नभएको बताएका छन् । उनका अनुसार यो पूर्ण रूपमा एक सामाजिक कथा हो । महाभारतका पाँच पाण्डव (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव) को चरित्र र विम्बलाई प्रयोग गर्दै फिल्ममा समकालीन समाजको यथार्थ कथा भनिने उनले बताए ।

## 'लालीबजार'मा वादी महिलाको संघर्षको कथा

यम थापाको निर्देशनमा बनेको फिल्म 'लालीबजार' को ट्रेलर सार्वजनिक गरिएको छ ।

निर्माण पक्षले काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै ३ मिनेट लामो ट्रेलर सार्वजनिक गरेको हो । अभिनेत्री स्वस्तिमा खड्कालाई केन्द्रमा राखिएको ट्रेलरमा वादी समुदायका महिलाको बाध्यता र संघर्षलाई मर्मस्पर्शी रुपमा देखाइएको छ ।

नत्थी प्रथा (शोषणमूलक व्यवस्था)को आडमा वादी समुदायका छोरीमाथि हैकम जमाउन सभ्रान्त वर्गले दिने यातना र त्यसबाट प्रताडित वादी महिलाको कथालाई ट्रेलरले पेश गरेको छ । स्वस्तिमा वादी महिलाको भूमिकामा देखिएकी छन्, जो देह व्यापारमा लाग्न बाध्य छिन् । उनले आफ्नी छोरीलाई त्यसबाट टाढा राख्न गरेको संघर्ष नै फिल्मको मुख्य कथावस्तु रहेको देखिन्छ ।

ट्रेलर सार्वजनिक कार्यक्रममा स्वस्तिमाले 'लालीबजार' भविष्यमा पनि आफूले गर्व गर्ने फिल्म रहेको बताइन् । उनले भनिन्- 'मैले यो फिल्मलाई एकदमै विशेष रुपमा लिएकी छु । मैले धेरै वर्षपछि पनि फर्केर हेर्दा सधैं 'चेयर्स' गर्ने फिल्म हो यो । भोलि फिल्मको व्यावसायिक नतिजा जे जस्तो आउला तर मेरो लागि यो सधैंभरि गर्व गर्न लायक फिल्म हुनेछ ।'



वैशाख १८ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा स्वस्तिमासहित रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश बादी, सरस्वती अधिकारी लगायतको अभिनय रहेको छ । यसै फिल्ममार्फत विशाल देवकोटा र प्रशंसा सुवेदीले डेब्यू गरेका छन् ।

'जात्रा' निर्माता कम्पनी षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा सुशन प्रजापतीको छायांकन, यम थापा र प्रदीप भट्टराईको पटकथा तथा संवाद, मित्रदेव गुरुङको सम्पादन तथा प्रकाश सपूत, खेम सेन्चुरी र जयन जे वाइवाको संगीत रहेको छ । फिल्मको कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् भने म्याक्स दीपेश खत्री र रविन्द्रसिंह बानियाँ निर्मातामा छन् ।

## बस चढ्ने क्रममा दुर्घटना

**झापा, बैशाख ५।** झापाको कमल गाउँपालिका-५ पाडाजुङ्गी चोकस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा सवारी दुर्घटना हुँदा एक जना गम्भीर घाइते भएका छन् ।

काँकरभिट्टाबाट दमकतर्फ जाँदै गरेको मे१ख ३०६८ नम्बरको यात्रुबाहक बसमा चढ्ने क्रममा दमक-८ निवासी ३५ वर्षीय निर्मल कार्की लड्दा बसको चक्काले उनको बायाँ खुट्टा किचेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका कार्कीको दमकस्थित निम्स अस्पतालमा उपचार भइरहेको छ । घटनापछि बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## भदौमा थुप्रिए फिल्म

आगामी भदौमा फिल्म रिलिजको चाप उच्च हुने देखिएको छ ।

यो महिना आधा दर्जन फिल्म प्रदर्शन हुने तयारीमा छन् । यस्तैमा भदौमा अर्को फिल्म पनि थपिएको छ । 'कमेडी दरबार' को समूहले निर्माण गरेको फिल्म 'ककाकिकी' भदौ १९ गतेबाट प्रदर्शनमा आउन लागेको हो । शुक्रबार निर्माताले एक पोष्टर सार्वजनिक गर्दै प्रदर्शन मिति तय गरेका हुन् ।

पोष्टरमा फिल्मका मुख्य कलाकारहरू गौरी मल्ल, तृप्ती नाडकर, रेखा थापा र महेश त्रिपाठी पात्र अनुसारको लुक्समा प्रस्तुत भएका छन् । उनीहरूको गेटअपले फिल्मप्रति दर्शकको चासो बढाउने देखिन्छ । विशेषगरी रेखाको गेटअप अझ प्रभावशाली देखिएको छ । पोष्टर हेर्दा फिल्म पारिवारिक




द्वन्द्वमा आधारित रहेको देखिन्छ ।

विक्की अग्रवाल र ऋद्धा प्रसाईंको संयुक्त निर्देशनमा बनेको यस फिल्ममा गौरी, तृप्ती, रेखा र महेशसहित मनोज गजुरेल, दीया मास्के, शिशिर वाङ्देल, प्रकाश घिमिरे, माओत्से गुरुङ, रेअर राई, खड्ग बहादुर पुन मगर (खबपु), सुवर्ण थापा, सुभाष गजुरेल, एलिसा भोग लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ ।

माया इन्टरटेनमेन्ट स्टुडियोको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता ओएसआर डिजिटलकी प्रबन्ध निर्देशक सुमित्रा थापा र ऋद्धा प्रसाईं हुन् । फिल्ममा विक्की अग्रवाल, विकास अर्याल र सरोज भण्डारीको स्क्रिप्ट लेखन रहेको छ । पटकथा विक्की स्वयंले तयार पारेका हुन् भने कन्सेप्ट सुमन अग्रवालको हो । फिल्मलाई सुदीप बरालले छायांकन गरेका हुन् ।

### एकद्वारा ...

वा प्रतिक्षालयमा राख्ने व्यवस्था मिलाउन एवम् ज्येष्ठ नागरिक, बिरामी, अशक्त, अपाङ्गता भएका व्यक्ति, सानो बच्चासहितका सेवाग्राहीलाई फ्रन्ट डेस्क वा सहायता कक्षका कर्मचारीले सेवामा प्राथमिकता प्रदान गर्न पनि भनिएको छ ।

**नागरिक बडा-पत्र सम्बन्धी**

डिजिटल तथा आवाजसहितको नागरिक बडापत्र यथासम्भव लागू गर्न, यदि सम्भव नभए कार्यालयबाट प्रवाह हुने सबै सेवाको प्रक्रियागत चरण स्पष्ट उल्लेख गरी सबैले देख्ने ठाउँमा सहजै पढ्न सकिने अक्षरमा नागरिक बडापत्र राख्न, प्रमुख/सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत र वडाध्यक्ष तहसम्मको ह्वाट्सएप समूह तयार गरी सेवा प्रवाह सरलीकरण गर्न नियमित रूपमा छलफल हुने व्यवस्था मिलाउन पनि निर्देशन दिइएको छ ।

**गुनासो व्यवस्थापनसम्बन्धी**

जिल्ला प्रशासन कार्यालयमा प्राप्त उजुरी तथा गुनासोको अभिलेख गरी उजुरी तथा गुनासो समाधानका लागि तत्कालै क्रियाशील हुनका लागि गुनासो सुन्ने व्यवस्था गर्न निर्देशनमा भनिएको छ ।

प्रमुख जिल्ला अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारीसँग अशक्त र अपाङ्गता भएका सेवाग्राहीले गुनासो लिएर भेट्न चाहेका खण्डमा प्रमुख जिल्ला अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी उनीहरू समक्ष आफैं गई भेट्ने तथा तत्कालै गुनासो सुन्ने प्रबन्धको सुनिश्चितता गर्न भनिएको छ ।

कार्यालय प्रमुख र गुनासो सुन्ने अधिकारीको 'अफिसियल' मोबाइलमा निरन्तर सम्पर्क हुने व्यवस्था मिला [redacted] 'कलब्याक' गर [redacted] जनतासँग प्र [redacted] जनताका गुन [redacted] भनिएको छ ।

**सेवाग्राहीप्रतिको व्यवहारसम्बन्धी**

कर्मचारीले सेवाग्राहीसँग मर्यादित भाषा तथा सम्मानपूर्वक व्यवहार गर्न कुनै कर्मचारीले सेवाग्राहीलाई दुःख हैरानी दिएमा प्रमुख जिल्ला अधिकारीले शून्य सहनशिलताको नीति अवलम्बन गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने र सोको प्रतिवेदन मन्त्रालयमा गर्न तथा कार्यालयको परिसर सरसफाइको सुनिश्चितता गर्न पनि भनिएको छ ।

**विचौलिया नियन्त्रण**

कार्यालयमा विचौलियाको प्रवेशमा उच्च निगरानी गरी विचौलियामार्फत काम गर्ने गराउने कार्यलाई कडाइका साथ पूर्ण रूपमा नियन्त्रण गर्न, विचौलियालाई गर्ने कारबाहीलाई तीव्रता दिन, नेपाल प्रहरीमार्फत विचौलिया कार्यमा संलग्न व्यक्तिहरूको कारबाहीको हालसम्मको (वर्तमान सरकार गठन भएको मितिदेखि प्रतिवेदन गरेको दिनसम्म) को र तत्पश्चात् नियमित प्रतिवेदन हुने व्यवस्था मिलाउन पनि निर्देशक गरिएको छ ।

**प्रत्येक पदको कार्यविवरण तयार गरिने**

जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको वस्तुनिष्ठ कार्यसम्पादन सूचकसहितको कार्य विवरण १५ दिनभित्र तयार गरी लागू गर्न पनि निर्देशन दिइएको छ ।

**क्षमता विकाससम्बन्धी**

निर्देशनमा जिल्ला प्रशासन कार्यालयबाट सबै वडा कार्यालयमा काम गर्ने कर्मचारीलाई जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित सिफारिस र अन्य काम कारबाहीका सम्बन्धमा अभिमुखीकरण तथा तालिम प्रदान गर्न, जिल्ला प्रशासन कार्यालयमा कार्यविवरण अनुसार कार्य सम्पन्न गर्नेगरी कर्मचारीलाई अभिमुखीकरण गर्न, कर्मचारीलाई मूलतः फ्रन्ट डेस्कमा [redacted] लिमको व्यवस्था [redacted] भनिएको छ । [redacted] पादन प्रणालीको [redacted] र्न, सम्भव भए सिसिटिभी जडान गर्न, कार्यालयको वेवसाइट निरन्तर अद्यावधिक गर्न, प्रोएक्टिभ डिस्कोर्सलाई सुदृढ गर्दै कार्यालयको गोपनीयता र पारदर्शिताबीच सन्तुलन कायम राख्न, प्रमुख जिल्ला अधिकारीसहित सबै कर्मचारीको कार्य जिम्मेवारीसहितको सम्पर्क नम्बर कार्यालयको वेबसाइटमा राख्न, जिल्लाको शान्ति सुरक्षाको अवस्थाको दैनिक रूपमा जाहेरी पठाउँदा उक्त दिन जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सबै खाले सेवाको सङ्ख्यात्मक विवरणसमेत अनिवार्य रूपमा तोकिएको ढाँचामा राख्न पनि भनिएको छ ।

मन्त्रालयले जिल्ला प्रशासन कार्यालयबाट सम्पादित अनुकरणीय कार्य र अन्य सबै सेवाको प्रगति प्रतिवेदन प्रत्येक महिनाको ०१ र १६ गते अनिवार्य रूपमा मन्त्रालयमा पठाउन पनि दिर्नेशन दिइएको छ ।

### सामाजिक ...

सर्वसाधारणलाई भ्रममा पार्नुको साथै गलत औषधि प्रयोगका कारण स्वास्थ्यमा गम्भीर क्षति पुग्ने सम्भावना उच्च हुने भएकाले चिकित्सकलाई त्यस्तो कार्य नगर्न काउन्सिलले अनुरोध गरेको हो ।

रजिष्ट्रार डा. देवले स्वास्थ्य सेवा अत्यन्त संवेदनशील क्षेत्र भएकाले बिरामीको उचित परीक्षण, आवश्यक जाँच र चिकित्सकको प्रत्यक्ष मूल्याङ्कन बिना औषधि सेवन गर्न सुझाव दिनु र त्यस्तो सल्लाहले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न हुन सक्ने, अनावश्यक जटिलता बढ्न सक्ने तथा दीर्घकालीन हानी पुग्न सक्ने बताए ।

काउन्सिलले बिरामीलाई सामाजिक सञ्जालमा देखिएका अप्रमाणित सल्लाहको आधारमा औषधि प्रयोग नगरी योग्य तथा दर्ता प्राप्त चिकित्सकसँगको परामर्शमा औषधि लिन अनुरोध गरेको छ । काउन्सिलले बिरामीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री सार्वजनिक नगर्न र गर्नुपर्ने अवस्था भएका बिरामीको अनुहार र पहिचान नखुलाउन आग्रह गरेको छ ।

### विभिन्न ...

३३ वर्षीया बालकुमारी माझी रहेका छन् ।

पक्राउमध्ये आङ मिङमारले लक्जम्बर्ग पठाइदिन्छु भन्दै १ जनाबाट १९ लाख रूपैयाँ, सुनिताले युके पठाइदिन्छु भन्दै १ जनाबाट १६ लाख ७६ हजार रूपैयाँ र बालकुमारीले अजरबैजान पठाइदिन्छु भन्दै २ जनाबाट १० लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले आङ मिङ्मारलाई काठमाडौं महानगरपालिका-२बाट, सुनितालाई काठमाडौं महानगरपालिका-२८ बाट र बाल कुमारीलाई काठमाडौं महानगरपालिका-४बाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि बैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

### जातीय ...

गर्दै सञ्चार क्षेत्रले पनि विभेद न्यूनीकरणमा भूमिका खेल्ने बताए । इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी निरीक्षक प्रवीण श्रेष्ठले जातीय विभेदसम्बन्धी उजुरीमा कानून अनुसार कडाइका साथ कारबाही गरिने बताएका थिए ।

कार्यक्रमपछि प्राप्त सुझावहरूलाई नीति निर्माणमा सहयोग पुऱ्याउने गरी सरकारसमक्ष पेश गरिने मानव अधिकार मञ्च इलामका कार्यकारी निर्देशक देवेन्द्र विश्वकर्माले जानकारी दिए । कार्यशालामा सुशासन विज्ञ कर्णबहादुर नेपाली र आयोजकका मनकुमार बराइलीले सहजीकरण गरेका थिए ।

### कांग्रेस ...

पहिचान गरी कारबाहीका लागि सिफारिस गर्नुपर्ने, पार्टीको विवाद न्यायालयको निर्णयसँग अन्त्य भएकाले अब राजनीतिक रुपमा एकजुट बनाएर एकताको महाधिवेशन गर्नुपर्ने धारणा राखेका थिए ।

नेपाली कांग्रेस झापाका सभापति थेवेको सभापतित्वमा सम्पन्न कार्यक्रमको सहजीकरण सचिव कृष्ण हुमागाँईले गरेका थिए ।

नेपाली कांग्रेस झापाको आयोजनामा पार्टीका केन्द्रीय, पूर्वकेन्द्रीय सदस्य, सांसद, पूर्वसांसद, कोशी प्रदेश समितिमा पदाधिकारी, सदस्य, जिल्ला कार्यसमितिका पदाधिकारी सदस्य, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, भ्रातृ तथा शुभेच्छुक संघसंस्थाका केन्द्र, प्रदेश र जिल्लाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । बैठकले जरा अभियान वडा तहसम्म पुऱ्याएर केन्द्रले निर्धारण गरेकै समयमा सम्पन्न गर्ने निर्णय गरेको छ ।

### लागूऔषधका ...

भारतीय स्कार्पियो जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा बरामद गरेको हो ।

इलाका प्रहरी कार्यालय धरानका प्रमुख प्रहरी नायब उपरीक्षक भीषणबाबु राईले गाडीको सिटमुनि फल्स बटम बनाई लुकाइछिपाइ ल्याउँदै गरेको अवस्थामा गाँजा फेला परेको जानकारी दिए । गाडीसहित भारतबिहार राज्यसुपौल जिल्ला बलुवा बजार-६का २२ वर्षीय चालक सुबिध कुमार, सोही ठाउँका २२ वर्षीय रोहित कुमार र सुपौल बजार-१का ४० वर्षीय मोहम्मद जमशेरलाई नियन्त्रणमा लिइएको उनले जानकारी दिए । नियन्त्रणमा लिइएको तीनै जनालाई इलाका प्रहरी कार्यालय धरानमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### विराटनगरबाट ...

खुलेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका विदेशी नागरिकलाई थप अनुसन्धान तथा आवश्यक कानूनी कारबाहीका लागि काठमाडौँस्थित अध्यागमन विभाग पठाउने तयारी भइरहेको छ । अध्यागमन ऐन अनुसार भिसा नियम उल्लंघन गर्ने विदेशीलाई जरिवानासहित निष्काशनसम्मको कारबाही हुनसक्ने प्रहरीले जनाएको छ ।


**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**


वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


श्रीअन्तु [redacted] ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यक [redacted] : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
[redacted] ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## सेवाग्राहीलाई सास्ती नहोस्

**सेवाग्राहीको अत्यधिक भीडभाड हुने झापा भद्रपुरको भूमिसुधार तथा मालपोत कार्यालयमा सेवा प्रवाहलाई व्यवस्थित गराउन टोकन प्रणाली लागू गरिने भएको छ । कार्यालयले यही बैशाख ७ गतेदेखि टोकन प्रणाली लागू हुने जनाएको छ । विचौलियाको प्रवेशमा कडाइ गरेसँगै मालपोत कार्यालयको कामकाज प्रभावित हुँदा राजश्व संकलन मै असर पुगेको थियो । यद्यपि विचौलिया भनिएकाहरु नेपाल लेखापढी तथा कानून व्यवसायी एशोसिएशन इकाइ समिति मार्फत अधिकार प्राप्त व्यक्ति हुन् । त्यसैले उनीहरु आफूहरुको अपमान भएको भन्दै कलम बन्द गर्दै आन्दोलित भएका थिए । उनीहरु अदालत, मालपोत र अन्य सरकारी कार्यालयहरुमा कागजात तयार गर्ने व्यक्ति हुन् जो विद्यमान कानून बमोजिम अनुमति प्राप्त व्यक्ति हुन् ।**

**देशभरका सरकारी कार्यालयहरुमा कागजात सम्बन्धी कार्य गरिरहेका पेशागत व्यवसायीहरुलाई पक्राउ गर्दै मुद्दा चलाइएपछि अनिश्चितकालीन कामकाज बन्द गरेका व्यवसायीहरु पनि अब परिचयपत्रका आधारमा पेशागत कर्ममा प्रवेश पाउने भएका छन् । त्यसै अनुसार कतिपय कार्यालयहरुमा सेवा सुचारु भइसकेको छ । सरकारले सेवा प्रवाहलाई छरितो, व्यवस्थित र पारदर्शी बनाउन टोकन प्रणाली लागू गरेको जनाएको छ । त्यसै अनुसार भद्रपुरमा सोमबारदेखि यो प्रणाली लागू हुने मालपोत कार्यालयले जनाएको छ । यस अनुसार जनशक्ति, क्षमता र संरचनाको आधारमा दैनिक सेवा व्यवस्थापन गर्न छ वटा मोठ फाँटबाट प्रति मोठ पच्चीस वटा टोकन वितरण गरिने छ । प्रत्येक दिन करिब एक सय पचास वटा लिखत पारित तथा निर्णय सम्बन्धी काम गर्ने जनाइएको छ ।**


**यसअघि टोकन प्रणाली लागू भएको नेपालगञ्जस्थित भूमिसुधार तथा मालपोत कार्यालयमा लागू भएको टोकन प्रणालीबाट थप असुबिधा भएको सेवाग्राहीले टिप्पणी गरेका छन् । टोकन प्रणालीबाट सेवा लिन सात दिनभन्दा बढी समय लागेको गुनासो गरेका छन् । टोकन पाउन नै कठिन र पाइहाले चार/पाँच दिन पछिको मात्रै पाइने भन्दै सेवाग्राहीले काममा ढिलाइ भएको बताएका छन् । कार्यालय बिहान ९ बजे खुल्ने र दर्ता चलानी फाँट र नागरिक सहायता कक्षबाट वितरण गरिने भद्रपुर मालपोत कार्यालयले जनाएको छ । सीमित संख्यामा वितरण गरिने टोकन लिन टाडाबाट आउने सेवाग्राहीलाई कति सहज हुन्छ र कति दिन कुर्नु पर्छ त्यो भने अन्यौल नै छ । फेरि सबै सेवाग्राही यस्तो सेवाको पहुँचमा छन् र हुन्छन् अनि कति दिनमा काम पूरा गर्छन् त्यो पनि निश्चित छैन ।**

**त्यसो त नयाँ व्यवस्थापनमा केही अन्यौल त हुन्छ नै तर समस्याले समाधान पनि निकाल्ला अहिलेलाई प्रतीक्षा गर्नुको विकल्प छैन । सेवाग्राहीको अत्यधिक चाप हुने कार्यालयहरुमा अनधिकृत व्यक्तिको प्रवेशले नागरिक ठगिने गरेको गुनासो आएकै थियो । यस्तो अवस्थामा विचौलियाको प्रवेशमा कडाइ गर्न जिम्मेवार सरकारको कर्तव्य नै हुन आउँछ । तर, विचौलियाको नाममा कानूनकै आधारमा अनुमतिपत्र लिएका सबैलाई एउटै डालीमा राखेर जनतालाई नै समस्यामा पार्ने काम चाहिँ हुनुहुँदैन । अतः राज्यले सेवा प्रभावकारी, पारदर्शी र व्यवस्थित गर्न, भएका कमजोर हटाउन लाग्नु पर्दछ ।**

# के एआईले जागिर खाइदिन्छ ?



लीलाराज भट्टराई



काँकरभिट्टादेखि क्यालिफोर्नियासम्म एउटै प्रश्न छ- के आर्टिफिशल इन्टेलिजन्स (एआई) अर्थात् कृतिम बुद्धिमताले जागिर खाइदिन्छ ? यसको प्रष्ट जवाफ हो खाइदिन्छ। तर एआईले होइन, एआई जान्ने मान्छेले नजान्नेको जागिर खाइदिन्छन् । नेपालका लागि असली खतरा एआई होइन- असली खतरा एआईको युगमा पनि पुरानो सीपमै अडिइरहनु हो। जसले एआईलाई अस्त्र बनाउँछ, उसका लागि यो युग, अवसरको हो। जसले आँखा चिम्लेर बस्छ, उसका लागि यो युग, विस्थापनको समय बन्न सक्छ।

प्रश्न- 'के एआईले जागिर खान्छ ?' भन्ने होइन। प्रश्न हो- 'के म एआईसँगै अगाडि बढ्न तयार छु ?' एउटा उदाहरण हेरौं, एउटा सफ्टवेयर कम्पनीमा काम गर्ने एक व्यक्ति गत वर्षसम्म कन्टेन्ट राइटरको रूपमा समेत कार्यरत थिए। दिनभरि ब्लग पोस्ट, प्रोडक्ट डेस्क्रिप्सन र मार्केटिङ कपि लेख्ने उनको काम अचानक आधा भयो- कम्पनीले च्याटजीपीटी, जेमिनाई, क्लाउड जस्ता जेनेरेटिभ एआई टुल प्रयोग गर्न थालेपछि उनको काम सँगै कमाई पनि घट्यो। पहिले पाँच जना राइटरको काम अहिले एआई जानेका दुई जनालाई पनि पुगेन।

यो एक जना व्यक्तिको मात्र कथा होइन, यो एउटा युगको शुरुवात हो अर्थात् एआईको युग। एआईका कारण काममा धेरै सजिलो भएको छ। घण्टौं लाग्ने काम मिनेटमै सकिने भएको छ। पाँच जनाले गर्ने काम एक जनाले सक्न थालिएको छ। जटिल समस्या सहजै समाधान गर्न सकिने भएको छ। जीवन झन् सहज बनाउन एआई एउटा युगान्तकारी प्रविधिका रुपमा उदाएको छ।

**संसारभरि के भइरहेको छ ?**

विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन्। मञ्चको सन् २०२५ को 'फ्युचर अफ जब्स रिपोर्ट' अनुसार विश्वभरि ४१ प्रतिशत जागिर प्रदायकहरुले अर्को पाँच वर्षमा एआई स्वचालनका कारण जनशक्ति घटाउने योजना बनाइसकेका छन्। उनीहरू पाँच वर्ष कुर्ने छैनन्। किनकि परिवर्तन अहिले नै हुन थालेको देखिन्छ। सन् २०२५ को पहिलो छ महिनामा मात्रै ७७ हजार नौ सय ९९ प्रविधि सम्बन्धी जागिर गुमेका थिए। गोल्डम्यान स्याक्सका अनुसार एआईले विश्वभरि ३० करोड जागिर प्रभावित गर्न सक्छ, जुन विश्वको कुल रोजगारको ९.१ प्रतिशत हो।

**कस्ता जागिर सबैभन्दा बढी जोखिममा छन् ?**

पेनसिल्भानिया विश्वविद्यालय/ओपन एआईका अनुसन्धानकर्ताका अनुसार वार्षिक ८० हजार डलरसम्म कमाउने उच्च शिक्षित वाइटकलर जब्स स्वचालनको सबैभन्दा बढी जोखिममा छन्। एआईको बढदो प्रयोगले दोहोरिरहने र नियममा आधारित जागिर जोखिममा पर्ने छन्। डाटा इन्ट्री, कलसेन्टर, ग्राहक सेवा, कन्टेन्ट राइटिड, अनुवाद, उद्योगमा दोहोरिरहने कार्य, ग्राफिक डिजाइन, सफ्टवेयर प्रोगामिङ र लेखा क्षेत्रका जागिर जोखिममा पर्ने छन्।

एक अध्यनका अनुसार बैंकिङमा ५४ प्रतिशत जागिरमा एआई स्वचालनको उच्च सम्भावना छ। कानूनी क्षेत्रमा पारालिगलहरूले सन् २०२६ सम्ममा ८० प्रतिशत जोखिम सामना गर्नुपर्ने अनुमान छ। स्वास्थ्य क्षेत्रमा मेडिकल ट्रान्सक्रिप्सन स्वचालित भइसकेको छ। ब्लुमबर्गको अनुसन्धान भन्छ कि एआईले बजार अनुसन्धान विश्लेषकका ५३ प्रतिशत र बिक्री प्रतिनिधिका ६७ प्रतिशत कार्यहरू प्रतिस्थापन गर्न सक्छ। सेल्सफोर्सका सिइओ मार्क बेनियफका अनुसार एआईले अहिले कम्पनीको आधा काम सम्हाल्न थालेको छ। यसकारण उनले चार हजारभन्दा बढी ग्राहक सेवा कर्मचारी घटाएका छन्। बिएम कम्पनिले सयौं मानव संशाधन भूमिकाहरू एआई च्याटबोटले प्रतिस्थापन गरेको छ।

सन् २०२५ को शुरुदेखि नै एआई- प्रभावित क्षेत्रमा काम गर्ने २० देखि ३० वर्षका युवाहरूमा वेरोजगारी झण्डै तीन प्रतिशत बिन्दुले बढ्यो। एआईले पाँच वर्षभित्र आधा प्रवेश स्तरका बौद्धिक मानिने 'वाइट कलर' जागिर हटाउन सक्ने एन्थ्रोपिकका सिइओ डारियो अमोडेईले कठोर भविष्यवाणी गरिसकेका छन्।

**एआईले जागिर बढाउँछ**

निष्पक्ष विश्लेषणका लागि यो पक्ष पनि हेर्नु जरुरी छ। विशेषज्ञहरूका अनुसार एआईका कारण जागिर गुम्नेभन्दा सिर्जना हुने संख्या बढी हुनेछ। विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन्। तर, एआईकै कारण १७ करोड नयाँ जागिर सिर्जना हुनेछन्। विश्वमा सात करोड ८० लाख जागिरको शुद्ध वृद्धि हुनसक्छ अर्थात एआईको बजार प्रभाव समग्रमा सकारात्मक हुनसक्छ। एआई इञ्जिनीयर भूमिकाहरूमा एक सय ४० प्रतिशतभन्दा बढी माग वृद्धि भइरहेको छ।

औद्योगिक क्रान्तिले मिलमा काम गर्नेहरूलाई विस्थापित गऱ्यो तर त्यसले थप उद्योगहरू र थप रोजगारी पनि सिर्जना गऱ्यो। सन् १९७० को दशकमा कम्प्युटर क्रान्तिले धेरै रोजगारी विस्थापन गर्दा त्यो भन्दा बढी रोजगारी बढेको हामीले देखे भोगेकै हो। ३० वर्षको अन्तरमा कम्प्युटर दैनिक जीबनको हिस्सा बन्यो। सन् २०२७ सम्ममा भारतमा मात्र २३ लाख एआई सम्बन्धी नयाँ जागिर खुल्ने प्रक्षेपण गरिएको छ। त्यसैले एआई क्रान्तिले पनि रोजगार विस्थापनभन्दा बढाउने अवस्था छ।

एक अध्ययनका अनुसार एआई सीपहरू भएका पेशेवरहरूले उही भूमिकामा सीप नभएका साथीहरूको तुलनामा ५६ प्रतिशतसम्म बढी तलब पाउँछन्। यो तथ्याङ्कले एआईसँग लड्न खोज्नुभन्दा एआई सिक्नु लाभदायक छ भन्ने एउटा स्पष्ट सन्देश दिन्छ। नेपाली फ्रिल्यान्सरहरूका लागि एउटा अभूतपूर्व अवसर खुलेको छ, सही उपकरणहरूसहित विराटनगरको एक डेभलपर वा पोखराको एक डिजिटल मार्केटरले अमेरिका वा युरोपमा उच्च पारिश्रमिकका लागि प्रतिस्पर्धा गर्न र विदेशी मुद्रा नेपाल ल्याउन सक्छन्।

**नेपालको अवस्था के छ ?**

नेपाललाई यो प्रश्नले फरक तरिकाले छुन्छ। हाम्रो अर्थतन्त्र कृषि, पर्यटन र रेमिट्यान्समा आधारित भएकाले प्रत्यक्ष खतरा तत्काल महशुस नहुन सक्छ, तर अप्रत्यक्ष असर गहिरो हुनेछ। नेपालका ६० प्रतिशतभन्दा बढी श्रमिक कृषि वा म्यानुअल कामहरूमा छन्, जसले एआई-प्रेरित जोखिम तत्काललाई सीमित राख्छ। तर बलियो डिजिटल सीप र क्षमताबिना नेपाल उच्च मूल्यको वैश्विक अर्थतन्त्रमा पछाडि पर्न सक्छ।

नेपालमा पूर्णकालीन नियमित जागिर तीव्र रूपमा घटेका छन् भने आउटसोर्स र करार कामहरू उल्लेखनीय रूपमा बढेका छन्। नेपालको विपिओ (बिजनेस प्रोसेस आउटसोर्सिङ) क्षेत्र विशेष रूपमा संवेदनशील छ। नेपालको अर्थतन्त्र सेवा क्षेत्र, बिओपी र प्रशासनिक भूमिकाहरूमा भारी निर्भर छ- यी नै क्षेत्र स्वचालनका लागि सबैभन्दा बढी उपयुक्त छन्।

नेपालमा सरकारले सन् २०२४-२०३४ लाई सूचना प्रविधिको दशक घोषणा गरेको छ। यसमा १५ लाख नयाँ प्राविधि जागिर र दशकभित्र ३० खर्ब नेपाली रुपैयाँको आइटी सेवा निर्यात गर्ने लक्ष्य राखेको छ। यो महत्वाकांक्षी लक्ष्य हो, तर यसका लागि एआईलाई चुनौतीको रूपमा होइन, अवसरको रूपमा बुझ्नुपर्छ।

**सरकारले के गरिरहेको छ ?**

नेपाल सरकारले राष्ट्रिय एआई नीति २०८२ आधिकारिक रूपमा अनुमोदन गरिसकेको छ। यो ढिलै भए पनि देशको डिजिटल रूपान्तरण यात्रामा एक महत्त्वपूर्ण उपलब्धि हो। यो नीतिले स्वास्थ्य, शिक्षा, कृषि र सार्वजनिक प्रशासन क्षेत्रमा एआईको रणनीतिक एकीकरणको कल्पना गरेको छ। नेपाल सरकारले पाँच वर्षभित्र एआई क्षेत्रमा कम्तीमा पाँच हजार जनशक्ति तयार गर्ने लक्ष्य राख्दै एआई सम्बन्धी नयाँ नीति कार्यान्वयनमा ल्याएको हो। यो नीतिले अन्तर्राष्ट्रिय आधारभूत सिद्धान्त र प्रचलनसँग अनुकूल हुने गरी एआईको अनुसन्धान, विकास र प्रयोगलाई दिशानिर्देश गर्न नेपालमा एआई नियमन परिषद् स्थापना गर्ने रणनीति लिएको छ।

एआईलाई आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम् उपभोग गर्ने प्रतिबद्धतासहित उक्त नीतिमा विश्वव्यापी सूचकाङ एआई रेडिनेस इन्डेक्समा नेपालको स्थानलाई शीर्ष ५०औं स्थानभित्र पुऱ्याइने उल्लेख गरिएको छ। नीतिले एआईका कारण सम्भावित जागिर गुम्ने स्थितिलाई व्यवस्थापन गर्न र यसका सामाजिक तथा आर्थिक परिणामलाई सम्बोधन गर्न संयन्त्र स्थापना गर्ने कुरा पनि उल्लेख गरेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले एआईले नेपालको विकासलाई अवसर र चुनौती दुबै दिने बताएको छ। एआईलाई मानव-केन्द्रित तथा क्षमता स्वचालित गर्नभन्दा बढाउने दिशामा विकास गर्नु जरुरी छ भन्ने कुरामा युएनडिपीले जोड दिएको छ। समग्रमा एआईले जागिर खाने नभएर पहिलेको भन्दा बढी जागिर उत्पादन गर्छ भन्न सकिन्छ। यसले दोहोरिने, यान्त्रिक कामहरू हटाउँछ, तर यसले मानवीय रचनाशीलता, सहानुभूति र जटिल निर्णय-क्षमता प्रतिस्थापन गर्न सक्दैन।

# 'ब्रान्ड' बन्दै 'जस्बिरे चिया'

□ **मनोज अधिकारी**

वि.सं. २०४२ मा पत्रकार तथा लेखक स्वर्गीय भैरव रिसाल स्वीस सरकारको सहयोगमा सञ्चालित एक आलुखेती सम्बन्धी परियोजनामा काम गर्न हालको इलाम नगरपालिका-४ जस्बिरे गाउँ आइपुग्नुभएको थियो। रिसालले यहाँ आउँदा आलुखेती मात्र सिकाउनुभएन। उहाँले चिया रोप्न पनि सिकाउनुभयो।

त्यतिखेर चियाखेतीबारे ज्ञान आर्जन गर्नुभएका स्थानीय सूर्य सुब्बालाई कुनै दिन आफ्ना छोराहरुले चिया उद्योग नै सञ्चालन गर्लान् भन्ने लागेको थिएन। तर अहिले उहाँका छोराहरुले सञ्चालन गरेको 'जस्बिरे चिया प्रशोधन उद्योग' चिया उद्योगका क्षेत्रमा 'ब्रान्ड' बनेको छ। सूर्यका चार भाइ छोरा हुन्। त्यसमध्येका जेठो र माइलो शरद् र गृष्मले १० वर्षअघि जम्मा १४ लाख रुपैयाँ लगानीमा उद्योग शुरु गर्नुभएको थियो। हाल सो उद्योगको लगानी आठ करोड रुपैयाँ पुगिसकेको छ। उहाँहरुले आफ्नो ६० रोपनी जमिनमा चियाखेती गर्नुभएको छ। चार सय रोपनी जमिन भाडामा लिएर चियाखेती गर्नुभएको छ।

गाउँका एक सय ८५ घरपरिवारले उत्पादन गर्ने चिया यही उद्योगमा आउँछ। वार्षिक ३० हजार केजी तयारी अर्थोडक्स चिया उत्पादन गर्दै आएको यस उद्योगले यस वर्षदेखि एक लाख केजी तयारी चिया उत्पादन गर्ने लक्ष्य लिएको छ। यहाँ उत्पादित चियाको मुख्य बजार नेपालसहित अमेरिका, जापान, फ्रान्स, चीन, नेदरल्याण्ड, डेनमार्क र जर्मनी लगायतका देश हुन्।

जस्बिरे चिया प्रशोधन उद्योग ब्रान्डका रुपमा स्थापित हुनुका पछाडि सुब्बा परिवारको अथक मेहनत उदाहरणीय छ। सूर्यका जेठा छोरा गृष्म उद्योगको बजार व्यवस्थापन गर्नुहुन्छ। माइला शरद् नेपालकै 'बेस्ट टी मेकर' हुनुहुन्छ। उहाँले काठमाडौंमा आयोजित 'नेपाल टी च्यालेन्ज-२०२४' मा 'बेस्ट टि मेकर'को अवार्ड समेत प्राप्त गर्नुभएको थियो। उहाँले चिया बनाउन थाल्नुभएको २० वर्ष भइसकेको छ। उद्योगमा उत्पादन हुने सबै किसिमका चिया शरद्ले बनाउने गर्नुहुन्छ।

साहिँला छोरा निर्विकल्पको काम उद्योगको प्राविधिक पाटो हेर्ने हो। मेसिन फेर्ने, बनाउने वा हटाउनेसहितका काम उहाँको जिम्मामा छ। कान्छा छोरा विकल्प अष्ट्रेलियामा मार्केटिङबारे अध्ययनरत हुनुहुन्छ। गृष्मका छोरा कर्म पनि भर्खरै पढाइ सकेर उद्योगमा काम गर्न आउनुभएको छ। उहाँको काम विदेशी पाहुनालाई चियाको बारेमा जानकारी दिनु हो।यहाँ सुनकेसरी, रेडपान्डा, कोठीडाँडा ब्युटी लगायत नामका ३५ भन्दा बढी प्रकारका अर्गानिक अर्थोडक्स चिया उत्पादन हुने गरेको छ। हाल



सात हजार केजी 'स्पेशल टी' र अन्य सबै किसिमका गरी ३० हजार केजी तयारी चिया उत्पादन हुने गरेको गृष्म बताउनुहुन्छ। जस्बिरे चिया उद्योगको पहिचान 'स्पेशल टी' हो। यस उद्योगमा 'स्पेशल टी' मात्र वार्षिक सात हजार केजी उत्पादन हुँदै आएको छ।

उहाँका अनुसार विश्व बजारमा 'स्पेशल टी'को माग धेरै छ। यहाँ उत्पादन भएको 'स्पेशल टी' उद्योगले प्रतिकेजी १५ हजार रुपैयाँमा बिक्री गर्छ। दराज अनलाइनमा त्यही चियाको मूल्य ३५ हजार रुपैयाँ प्रतिकेजी रहेको छ। उहाँका अनुसार विदेशमा सोही चियाको प्रतिकेजी मूल्य एक लाख रुपैयाँ नेपालीसम्म पर्छ।

गत वर्षसम्म उद्योगको क्षमताले माग धान्न सकेको थिएन। तर, यसवर्ष उद्योगमा पूर्वाधार र प्रविधि थपिएको छ। अब २५ हजार केजी तयारी चिया उत्पादन गर्दै आएको उद्योगले वार्षिक एक लाख केजी तयारी चिया उत्पादन गर्ने तयारी थालेको छ।

त्यसो त यो सफलताको कथामा छैन। दुई वर्षअघि उद्योग जलेर ध्वस्त भएको तीतो कथा पनि शरद्ले सुनाउनुभयो। २०८१ फागुन १३ गते उद्योगमा आगलागी हुँदा आठ करोड रुपैयाँ मूल्य बराबरको क्षति भएको थियो। उहाँका अनुसार चार करोड बराबरको अर्गानिक अर्थोडक्स तयारी चिया र त्यति नै मूल्यको भौतिक संरचना जलेर नष्ट भएको थियो। विद्युत् सर्ट भई आगो लाग्दा उद्योग पूर्ण रूपमा जलेको थियो।

जस्बिरे गाउँका सबै घरपरिवारको मूख्य आयस्रोत चियाखेती नै हो। जस्बिरेमा चिया रोप्नुपर्छ भन्ने शुरुवात लेखक तथा पत्रकार स्व भैरव रिसालले गर्नुभएको हो। उहाँ पहिलोपटक वि.सं. २०४२ मा जस्बिरे आउनुभएको थियो। त्यसो त जस्बिरे गाउँ र चियाको इतिहास सुब्बा परिवारसँग जोडिएको छ। राणाकालमा जस्बिर सिंह सुब्बाको नामबाट जस्बिरे गाउँ रहेको बताइन्छ। तिनै जस्बिर सिंह, सूर्य सूब्बाका हजुरबुवा हुनुहुन्थ्यो।

तत्कालीन राणाहरू सदरमुकाम स्थापनाका लागि विभिन्न ठाउँ हुँदै कुटीडाँडासम्म आइपुगेका थिए। उनीहरूसँगै आएका विभिन्न जातजातिका मानिसमध्ये जस्बिर सुब्बा पनि एक हुनुहुन्थ्यो। अरू सबै फर्किए, तर जस्बिर सुब्बा भने त्यहीँ बसिरहनुभयो। समय बित्दै जाँदा उहाँको बसोबास रहेको ठाउँ 'जस्बिरे' नामले चिनिन थालेको इतिहासमा पाइने पत्रकार महासङ्घ इलामका पूर्वअध्यक्ष सटेन्द्र जबेगुले बताउनुभयो।

उद्यमी गृष्मका अनुसार, चिया तीन प्रकारको हुन्छ। सिटिसी, अर्थोडक्स र स्पेशल। सिटिसी मधेसमा उत्पादन मात्र हुन्छ। अर्थोडक्स पहाडमा हुन्छ। अन्तर्राष्ट्रिय बजारमा बढी माग हुने अर्गानिक स्पेशल टी हो। उहाँहरु जिल्लाकै सफल र उदाहरणीय उद्यमी रहेको इलाम नगरपालिकाका नगर प्रमुख केदार थापाले बताउनुभयो। सरकारको अनुदानभन्दा पनि आफैं गर्नुपर्छ भन्ने हिम्मत आवश्यक रहेको गृष्मको भनाइ छ।

### आजको रासिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - आजको दिन यात्राको अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता बढ्ने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - समय फलदायी छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेलो हुनसक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - समय बलवान भएको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - आज तपाईको धार्मिक गतिविधि बढेर जानेछ, साथीभाइसँग भेटघाट हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - उत्तरार्द्ध पछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ, धैर्य गर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - मन प्रशन्न रहला, धन लाभका साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ शुभ खबर आउनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - आजको दिन मध्यम रहेको छ, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, बेलुकीपख काम बन्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ ।

**मिति २०८३/०१/०५ शनिबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. २९९,८००/-

चाँदी प्रति तोला रु. ५,१३०/-

# फिदिममा 'लिम्बुवान गेट' पुनर्निर्माण




**पाँचथर, बैशाख ५।** पहिचानको प्रतीकका रूपमा रहेको 'लिम्बुवान गेट' पुनर्निर्माण शुरु भएको छ ।

मेची राजमार्गको पाँचथरको सदरमुकाम फिदिमको मध्यभागमा लिम्बुवान गेट प्रवेशद्वार निर्माणका लागि आज शिला स्थापना तथा निर्माण सुभारम्भ भएको छ ।

लिम्बुवान गेट तथा सांस्कृतिक सम्पदा संरक्षण परिषद् पाँचथरले प्रवेशद्वार पुनर्निर्माण गर्न लागेको हो । रु.२५ लाखको लागतमा प्रवेशद्वार निर्माण गर्ने योजना बनाइ शुरुवात गरिएको परिषद्का अध्यक्ष लक्ष्मण लावतीले जानकारी दिए ।

शिला स्थापना तथा निर्माण कार्यको फिदिम नगरपालिका प्रमुख मित्रप्रसाद काफ्लेसहितका जनप्रतिनिधि, राजनीतिक दलका नेता तथा सुरक्षा निकायका प्रमुखहरूले शिला पूजा गरी शुरुवात गरे । पाँच मिटर उचाइ र १९ मिटर लम्बाइको उक्त प्रवेशद्वारमा यहाँका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाबारे जानकारी दिने प्रतीकहरू समेत राखिने भएको छ ।

प्रवेशद्वार दाताहरूबाट सङ्कलन हुने रकमबाट निर्माण गर्न लागिएको हो । यसका लागि परिषद्ले सहयोग सङ्कलन गर्ने भएको छ । फिदिमको मध्यभागमा यसअघि लिम्बुवान गेट रहेकै स्थानमा प्रवेशद्वार निर्माण हुन लागेको हो । यसका लागि सडक क्षेत्राधिकारभन्दा बाहिरको जग्गा जग्गाधनीहरू रविन तुम्बापो, महेन्द्र आङ्देम्बे र गङ्गाकुमारी आङ्देम्बेले उपलब्ध गराएको अध्यक्ष लावतीले जानकारी दिए ।

पञ्चायती व्यवस्था लागू भएको २५औं वर्षगाँठको अवसरमा २०४२ सालमा तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाहको स्वागतका लागि फिदिम बजारको प्रवेश विन्दुमा प्रवेशद्वार निर्माण गरिएको थियो । तत्कालीन जिल्ला पञ्चायतले निर्माण गरेको अस्थायी प्रवेशद्वारलाई पछि पक्की बनाई श्रीपेचको प्रतिमा राखिएको थियो । सो समय फिदिम बजारको शुरु विन्दुमा प्रवेशद्वार निर्माण गरिए पनि बजार विस्तारसँगै प्रवेशद्वार बीच बजारमा रहन गएको फिदिमका अग्रज गङ्गाराम भट्टराईले जानकारी दिए ।

दोस्रो जनआन्दोलनपछि लोकतन्त्र पक्षधरले प्रवेशद्वारबाट श्रीपेचको प्रतिमा निकालेर फालेका थिए । यसैबेला पूर्वी नेपालमा चलिरहेको लिम्बूवान स्वयत्तताको आन्दोलनका पक्षधरले आन्दोलनको केन्द्रका रूपमा रहेको पाँचथरमा उक्त प्रवेशद्वारमा रङरोगन गरी 'लिम्बुवान गेट' नामकरण गरेका थिए । उक्त प्रवेशद्वारमा लिम्बू समुदायको सांस्कृतिक प्रतीक सिलामसाक्मा, ढोल (च्याब्रङ), प्रस्तावित लिम्बुवान क्षेत्रको नक्सा राखिएको थियो ।

तर मेची राजमार्गको फिदिम बजार खण्ड विस्तारका क्रममा तीन वर्षअघि उक्त प्रवेशद्वार भत्काइएको थियो । विस्तारित सडकभन्दा बाहिर पट्टिको व्यक्तिहरूको जग्गा प्राप्तिमा ढिलाइ हुँदा पुनर्निर्माणको कार्यमा ढिलाइ भएको र अब आवश्यक पर्ने सहयोग स्थानीय तहले मिलाउने फिदिम नगरपालिकाका प्रमुख मित्रप्रसाद काफ्लेले बताए ।

उक्त प्रवेशद्वार लिम्बुवान गेटका रूपमा प्रचार हुनका साथै लिम्बुवान पक्षधरका लागि पहिचानको संवेदनशील विषयका रूपमा विकसित भएको अध्येता एवम् पुनर्निर्माण समितिका अध्यक्ष लावतीको बुझाइ छ ।

'प्रवेशद्वारलाई लिम्बुवान गेटकै रूपमा पुनर्निर्माण गरिने छ । यसले पहिचानको आवाजलाई प्रतिनिधित्व गर्ने छ' - लावतीले भने- 'यसले नवआगन्तुक पर्यटकलाई आकर्षित समेत गर्छ भने लिम्बुवान क्षेत्रको ऐतिहासिक तथा सांस्कृतिक पक्षबारे खोजी गर्न सबैलाई प्रेरित गर्छ ।'

# विलबिजक नभएको काँचो केरासहित पक्राउ



**सुनसरी, बैशाख ५।** सुनसरी हरिनगर गाउँपालिका-४ भुटहा बजारबाट प्रहरीले ११ लाख रुपैयाँभन्दा बढीको काँचो केरासहित चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा गाडिका चालक मोरङग रतुवामाई गाउँपालिका-८ का २२ वर्षीय प्रल्हाद दाहाल, मोरङग उर्लाबारी नगरपालिका-८ का २४ वर्षीय ज्ञानबहादुर भट्टराई, सुनसरी भोक्रा हानरसिंह गाउँपालिका-२ का २७ वर्षीय सेराज मियाँ र कोशी गाउँपालिका-८ भण्टाबारीका ६० वर्षीय रामेश्वर दास रहेको जिल्ला प्रहरी कार्यालयका सुनसरीका प्रहरी उपरीक्षक केशबकुमार थेबेले जानकारी दिए ।

सूचनाको अधारमा खटिएको प्रहरीको टोलीले घुस्कीबाट इनरुवातर्फ आउँदै गरेको प्र १-०२-००२ च ७४४९ र प्र १-०१-००२ च १८०१ नम्बरको पिकअप गाडीलाई जाँच गर्दा विलबिजक नभएको काँचो केरासहित नियन्त्रणमा लिएको उनले जानकारी दिए ।

बरामद भएको सामग्रीको ११ लाख २० हजार रुपैयाँ मूल्याङ्कन गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बरामद भएको केरा र सवारी आवश्यक कारवाहीका लागि सुनसरी भन्सार कार्यालय सेतुबन्ध कोसी ब्यारेज बुझाइएको प्रहरीले जनाएको छ ।

# जंगली हात्तीद्वारा भद्रपुरमा मकैबाली नष्ट


तस्वीर : इन्टरनेट

**भद्रपुर, बैशाख ५।** भद्रपुर नगरपालिका-३ रंगेडाँडा क्षेत्रमा जंगली हात्तीले मकैबालीमा क्षति पुऱ्याएको छ ।

गएराति कालिका मन्दिर सामुदायिक वनबाट आएको जंगली हात्तीले स्थानीय बासिन्दा हिरालाल राईको करिब १० कट्ठा खेतमा लगाइएको मकैबाली खाई नष्ट गरेको हो ।

प्रहरीका अनुसार मकैबाली नष्ट हुँदा करिब एक लाख रुपैयाँ बराबरको क्षति भएको छ । मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जनाएको छ ।

स्थानीयबासीले हात्तीको बढ्दो आतंक नियन्त्रणका लागि सम्बन्धित निकायको पटक-पटक ध्यानाकर्षण गराउँदै आए पनि सुनुवाइ भएको छैन ।


## विद्युत सामग्री मर्मत

यहाँ मोटर, पंखा, जग, मिक्चर लगायत सम्पूर्ण विद्युतीय उपकरणहरु ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
स्थान : हिकोला हेरीटेजबाट उत्तर डेनियल होटल निस्किने गल्लीमा
शिवशक्ति इलेक्ट्रीकल
प्रो. सुरेश पोखेल
फोन :- ९८१७९४७५६७

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## उक्त सबै रोगहरुको तत्काल उपचार

तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, औजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*तेस्रोपटक प्रकाशित मिति : २०८३/०१/०६*

यस कम्पनीको मिति २०८२/१२/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी एस.डि. बुशान एजुकेशन कन्सल्टेन्सी प्रा. लि. (प्रा.लि. नं. ३१८४४१) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०१/०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी सोसियल एजुकेशन एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## अब बिर्तामोडमा डा. पितामबर ठाकुर

MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईंलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या | बाथ
मुद सम्बन्धी समस्या | थाईराईड
राति निद्रा नलाग्ने | रक्तचाप
छाती दुख्ने | मधुमेह
फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposjte of Paschim Bus Stand

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## UAE मा रोजगारीको अवसर

UNited International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क: देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

## उच्च गुणस्तर सुलभ मूल्य सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## अब विद्युतीय वाइक बिर्तामोडमा

वर्तमान इन्धन अभावलाई मध्यनजर गर्दै बिजुलीबाट घरमा सजिलै चार्ज गर्न सकिने तराई पहाडका बाटोमा प्रयोग गर्न मिल्ने विद्युतीय साइकल, स्कुटर किस्ता सुविधामा पनि उपलब्ध छ । चाडै सम्पर्क गर्नुहोला ।
सम्पर्क
बिर्तमोड-४, भद्रपुररोड, नेपाल विद्युत प्राधिकरण गेट पूर्व लक्ष्मण मार्केट
फोन : ९८५२६४२७२७, ९८०५५८२७२७

## कलर दोकानको रंगिन बहार

यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।
कलर दोकान
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## UPVC झ्याल ढोका

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## SUNMAI SPRING

'थोपा-थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 CERTIFIED COMPANY | स्वदेशी हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

## घर ढलान गर्नुछ ?

तपाईंको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

## आधुनिक कृषि औजार चाहिएमा

के तपाईंलाई आधुनिक कृषि औजार चाहिन्छ।
*प्रिय कृषक दाजुभाइहरु,*
तपाईहरुलाई धान गोड्ने, मकै तथा आलु गोड्ने, फलामे हलो, कर्न सिड लाइनर, किटको हलो, गोवर व्यारो, कम्बाइन सेट, स्टिक कर्न सिडर नग्रे चाहिएमा हामीलाई सम्झनु होस् ।
यहाँ अफिस, स्कूल, कलेज, बगैंचा सजावटका लागि फूल रोप्ने स्टेण्ड समेत उपलब्ध छ ।
नेपालभरि होम डेलिभरीको व्यवस्था छ ।
कनकाई एग्रो इन्जीनियरिङ
कनकाई-३, सुरुङ्गा, झापा
प्रो. केशर खड्का
फोन: ९८१६०६००४८, ९८४२१०५५९०

## Ganapati Bakers

Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## शुद्ध दूधको स्वस्थ उत्पादन कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६


## डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

### डेंगी के हो ?

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

### डेंगीबाट बच्न के गर्न सकिन्छ ?

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश